# सन्दकपुर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**सन्दकपुर गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६**

# सन्दकपुर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः३** **संख्याः ८** **मिति : २०७६।०७।०६**

**भाग–२**
**सन्दकपुर गाउँपालिका**

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकावाट पारित उल्लेखित **सन्दकपुर गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६ लाई** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सन्दकपुर गाउँपालिका

## इलाम

**कार्यपालिकावाट पारित मिति :२०७६।०७।०५**

**प्रमाणिकरण मितिः२०७६।०७।०५**

## सन्दकपुर गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६

परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यावसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षि गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरु प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुऱ्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) (१) (ण) (१), (द) (१), (द) (५) बमोजिम तथा कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ लाई आधार लिइ कृषक समुह गठन, परिचालन र नियमन गन "कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६" तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क). यो कार्यविधिको नाम "कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६" हुनेछ ।

(ख). यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क)"समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।

(ख)"कृषि"भन्नाले सन्दकपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दधन ऐन, २०७४ को दफा २ (छ) बमोजिमका कार्यहरुलाई जनाउनेछ ।

(ग)"कृषि व्यवसाय" भन्नाले सन्दकपुरगाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा २ (ट) बमोजिमका ब्यावसायिक कार्यहरुलाई बुझाउनेछ ।

(घ) "गाउँपालिका" भन्नाले सन्दकपुर गाउँपालिका, गाउ कार्यपालिकाको कार्यालय देउरालीलाई जनाउनेछ ।

(ङ) "शाखा" भन्नाले सन्दकपुरगाउँपालिका गाउ कार्यपालिकाको कार्यालय देउरालीको कृषि विकास शाखा र पशुपन्छी विकास शाखालाई जनाउनेछ ।

(च) "अध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ ।

(छ) "उपाध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ ।

(ज). "सचिव" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ ।

(झ) "सदस्य" भन्नाले यसै निर्देशिका बमोजिम कृषक समूहको सदस्यलाई बुझाउनेछ ।

(ञ). "सेवा केन्द्र"भन्नाले सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेक वा पशुपन्छी शाखाको इकाई कार्यालयलाई बुझाउनेछ ।

(ट) “कार्यालय प्रमुख” भन्नाले सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(ठ) “शाखा प्रमुख” भन्नाले सन्दकपुर गाउँपालिका गाउ कार्यपालिकाको कार्यालय देउरालीको सम्बन्धित कृषि वा पशु सेवा शाखाको शाखा प्रमुख लाई बुझाउनेछ ।

(ड) “बैठक”भन्नाले कृषक समुहको बस्ने बैठकलाई बुझाउनेछ ।

(ढ) “समिति” भन्नाले सन्दकपुर गाउँपालिकाको कृषि व्यवसाय प्रर्बधन ऐन, २०७४ को दफा ६ बमोजिमको स्थानीय कृषि व्यवसाय प्रर्वधन समितिलाई बुझाउनेछ ।

## परिच्छेद २

## कृषक समूह गठनको उद्देश्य :

**३.समूहको उद्देश्य तथा कार्यहरुः** स्थानीय सरकार संचालन ऐन, २०७४ र सन्दकपुर गाउँपालिकाको कृषि व्यवसाय प्रर्वधन ऐन, २०७४ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामूदायिक पूँजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेकोछ । यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार छन :

(क). समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।

(ग) खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने ।

(घ) प्राङ्गरिक उत्पादनमा जोड दिने।

(ङ) कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।

(च) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरु, पशुआहारा, पशु स्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरणका पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने ।

(छ). गोठ तथा भकारो सुधार गर्ने ।

(ज) मौरी पालन तथा च्याउ खेती गर्ने ।

(झ) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने ।

(ञ) नयाँ प्रविधिहरुको परीक्षण गर्ने।

(ट) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरु सँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ठ)जैविक विविधताको संरक्षण, सर्म्बधन र विकास गर्ने ।

(ड) कृषि वन वातावरण सरक्षण सम्बर्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।

(ढ). मासिक हितकोष  संकलन र परिचालन गर्ने।

(ण) समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

## परिच्छेद ३

## कृषक समूह गठन तथा समूह दर्ता

**४ कृषक समूह गठन तथा समूह दर्ता**

**.(क)समूहमा कृषक संख्या :** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलन कर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशु पालन गरी आएका वा गर्ने १५ देखि २५ जना सम्मका कृषकहरु स्वःस्फूर्त रुपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन । तर कुनै विशेष प्रयोजनका लागि १५ जवान सदस्य पुर्‍याउन नसकिने अवस्थामा कम्तीमा ५ जवान कृषक मात्र भए पनि समूह गठन गर्न सकिनेछ ।

**(ख). कार्यालयबाट सहजिकरण** : उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन ।

**(ग). स्टेशनरी सहयोग :** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम, फायलहरु लगायत केही स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ ।

**(घ) समूह दर्ताको लागि निबेदन दिनु पर्ने:** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी अनुसूचि १ बमोजिमको निबेदन दिनु पर्नेछ । यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघ संस्थाहरुमा दर्ताभएको समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।

**(ङ) समूहको आफ्नो विधान र छाप हुनु पर्ने:** समूहको विधानको साथमा समूहको बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनूसूचि २ बमोजिमको सदस्य कृषकहरुको विबरण संलग्न राख्नु पर्नेछ । समूहले

आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्ने छन । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकूल परिमार्जन गर्न सकिने छ। समूहको आफ्नै छाप हुनु पर्ने छ।

**(च) सर्व सहमति र सहमति** :समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरु सर्ब सम्मतबाट चयन हुने छन। कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छन। यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा गाउँपालिकाबाट सहजिकरण हुन सक्नेछ।

**(छ) समुह दर्ता :** यसरी गठन भएको समुहलाई गाउँपालिकाको कृषि वा पशु सेवा शाखामा अनुसूचि ४ को ढाँचामा दर्ता कितावमा दर्ता गर्नेछ।

**(ज) समूह दर्तामा दस्तुर नलाग्ने :** उपरोक्त बमोजिम दर्ता हुन आएको समुह दर्ता गर्दा कुनै पनि किसिमको शुल्क लाग्ने छैन।

**(झ) समूह दर्ता प्रमाण पत्र :** कार्यालयको निर्णय अनुसार दर्ता गरिने समूहलाई अनुसूचि ३ बमोजिमको समूह दर्ता प्रमाण दिईने छ। समूह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मनिने छ। समूह दर्ता भए पछि यस्ता समूहहरु गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य गर्नेछन।

**(ञ)निःशुल्क नवीकरण :**समूह गठन र दर्ता उप्रान्त प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्रमा समूह नवीकरण गर्नु पर्ने छ। अन्यथा तोकिए बमोजिम जरिवाना लाग्नेछ।

## परिच्छेद ४

## कृषक समूह परिचालन

### ५. समूह परिचालन सम्वन्धि व्यवस्था

**(क)मासिक बैठक बस्नु पर्ने :** समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ। समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समुहको बैठक बस्न सक्नेछ।

**(ख)हित कोष संकलन र परिचालन** :बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले हित कोष संकलन गरि जम्मा गर्ने छन। समूहको हित कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिम ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन।

**(ग)समूहको बैक खाता सञ्चालन :** नजिकको बैकमा समूहको खाता खोलिने छ. जसमा कोषाध्यक्षको अनिवार्य सहित समूहको निर्णय अनुसार कम्तीमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

**(घ)बाली पात्रो/कार्ययोजना तयार गर्ने** :समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि (आर्धबार्षिक मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार गर्ने छन । तयार भएको कार्य योजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्बन गर्ने छन ।

**(ङ) समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने** :समुहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्ने छन । समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णण अनुसार समाधान गरिनु पर्ने छ । सो हुन नसकेमा प्रचलित ब्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ ।

**(च) समूहको रेकर्ड:** समूहको एक फायल शाखा /कृषि सेवा केन्द्रमा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु, समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहने छन । समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

**(छ)खेती खर्चको विवरण राख्नु पर्ने :** समूहका प्रत्येक सदस्यहरुले आफूले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबैकार्यहरुको लागत खर्च र विक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

**(ज)प्रगति प्रतिबेदन र समीक्षा :** समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परि आएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनालीहरु लगाउदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्ने छ ।

६. **गाउस्तरीय कृषक मूल समिति** : गाउमा रहेका सबै कृषकहरुको संजालका रुपमा गाउ भित्रका सबै कृषक समूहहरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक गाउस्तरीय कृषक मूल समितिको गठन गर्न सकिनेछ । यसको सञ्चालन कार्यविधि तोके बमोजिम हुनेछ ।

**७.कृषि सहकारीमा परिणत हुने :** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानूअनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ । यस्तो अवस्थामा साविक कृषक समूहले गरेका सबैकार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

**८.अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने :** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्ने छ । समूहले प्राविधिक र अन्य कृषकहरुको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन ।

**९. समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ** : सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिनेछन र समूहको निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन ।

**१०. टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्ने:** गाउँपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु गाउँपालिकाबाट तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहको रुपमा पनि कार्य गर्न सक्नेछन । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जवानको समूह गठन हुन सक्नेछ ।

**११.समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने :** गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, गैर सहकारी संस्थाहरु, गाउ तथा टोल समितिहरु, निजी ब्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरु सँग सहकार्यमा सञ्चालन गर्न सकिने छ ।

**१२.यसै निर्देशिका वमोजिम हुने:** गाउ क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरुले कृषि तथा पशु विकाससँग सम्बन्धी समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समूह मानिनेछ ।

## परिच्छेद ५

## कृषक समूहको नियमन र पारदर्शिता

**१३. बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई :** समूहले वार्षिक रुपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति गाउँपालिकामा समेत उपलब्ध गराउनु पर्ने छ । त्यस्तै बर्षको एक पटक सार्बजनिक सुनुवाई पनि सञ्चालन गर्नुपर्नेछ ।

१४. **वार्षिक साधारण सभा :** समूह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्ने छ । साधारण सभामा बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा बार्षिक आयाब्ययको विवरण, आउँदो बर्षको कार्यक्रम हरुको योजना तर्जुमा नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ । यसको एक प्रति प्रतिबेदन कार्यालयमा गराउनु पर्नेछ ।

**१५. अधिवेशन र विशेष अधिवेशन :** समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ । अधिवेशन अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको ब्यवस्था समेत गर्न सक्नेछ ।

## परिच्छेद ६

## विविध

**१६.समूह निष्कृयको अवस्था :** लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन ।

**१७.समूह विघटन हुन सक्ने** : पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दूरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरीतका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

**१८.संशोधन** : आवश्यकता र औचित्यताको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

**१९.खारेजी :** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन ।

## अनुसूचि : १

( निर्देशिकाको बुँदा नं. ४ (घ) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निबेदन)

मिति : २०७......../......./.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सन्दकपुर गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय

देउराली ।

विषय : समूह दर्ता गरी पाउँ ।

समूह गठन गरी सामुहिक प्रक्रियाद्वारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठीत भई समूह गठन गरेका छौँ । समूह गठन र परिचालन बारेमा **सन्दकपुर गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका,** २०७६ र प्रचलित कानून अनुसार कार्य गर्ने छौँ । समूह दर्ता गरी पाउँ ।

संलग्न कागजातहरुः

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि ३ प्रति

२ समूहको विधान ३ प्रति

३ अनुसूचि ३ अनुसारको समूह सदस्यहरुको विवरण ३ प्रति

४ समुह सदस्यको ना.प्र.प.को प्रतिलिपि ३/३ प्रति

५.अन्य केही भए सो को विवरणः

अनुसुचि २

( निर्देशिकाको बुँदा नं. ४ (ङ) बमोजिम कृषक सदस्यहरुको विबरणको ढाँचा)

| क.सं | समूह सदस्य हरुको नाम | ठेगाना | ना.प्र.प.नं. | पद | फोटो | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अनुसूचि : ३

( निर्देशिकाको बुँदा नं. ४ (झ) बमोजिम समूह दर्ता प्रमाण पत्र)

सन्दकपुर गाउँपालिका

गाउँ कार्यपलिकाको कार्यालय

माबुमोड, देउराली, ईलाम

(१ नं. प्रदेश, नेपाल)

<u>कृषक समुह दर्ता प्रमाण–पत्र</u>

दर्ता नं. :

दर्ता मिति :

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस गाउँपलिकाको ……… नं. वडा ……… ……… मा मिति …… …….. … मा गठित श्री……………………………. …………… ……….. …….. ….. …………. ……….  समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको  छ।

….. ……… …….

प्रमुख प्रशासकीय अधिकृत

……. ……… …….

शाखा प्रमुख

पेज दोस्रो : पछाडि छापिने ।

नविकरण बिवरण

| क्र. सं. | नविकरण मिति | | जरिवाना रु. | रसिद नं. | नविकरण गर्ने कार्यालय प्रमुखको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः

१. यो प्रमाणपत्र समूहको कार्यालयमा सबैले देखिने गरी राख्नुपर्नेछ ।

२. प्रत्येक आ.ब.को समाप्ति पछिको आश्विन महिना भित्र निशुल्क नवीकरण गरी सक्नु पर्ने छ।

३. तोकिएको समय भित्र नवीकरण नगराएमा रु. १००.०० जरिवाना लिइ नवीकरण गर्न सकिनेछ ।

४. यो प्रमाण पत्र हराएमा समूहको निर्णय अनुसार माँग गरेमा रु.१०० जरिवाना लिइ प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

अनुसूचि : ४

( निर्देशिकाको बुँदा नं. ४ (छ) बमोजिम समूह दर्ता किताबको ढाँचा)

**सन्दकपुर गाउँपालिका**

**कृषि विकास शाखा**

**कृषक समूह दर्ता किताव**

**जिल्ला: इलाम**

**१.दर्ता नं.:**

**२. दर्ता मिति :**

**३.समूहको नाम :**

**४.समूहको किसिम :**

**५.समूहको ठेगाना : सन्दकपुर गा.पा.............नं वडा**

**६.गठन मिति :**

**७.समूहको किसिम :**

**महिला :**

**पुरुष:**

**मिश्रित:**

**८. अध्यक्षको**

**नाम :**

**फोन नं.:**

**९.जम्मा सदस्य :**

**महिला :**

**पुरुष:**

**१०. सचिवको**

**नाम :**

**फोन नं.:**

**११.गठन हुँदा समूहको उदेश्य:**

**समूहको छाप**